# नेपाल पत्रकार महासंघ

## Federation of Nepali Journalists (FNJ)

### केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०७७।०५।२२

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघ कपिलवस्तु शाखाका पूर्वउपाध्यक्ष वरिष्ठ पत्रकार बनारसी बर्माको निधन भएको दुःखद् खवरले नेपाल पत्रकार महासंघ स्तब्ध भएको छ । लामो समयदेखि मिर्गौला, सुगर, उच्च रक्तचापलगायतका रोगबाट पीडित बर्माको ६२ वर्षको उमेरमा आज दिउँसो २:३० बजे तौलिहवास्थित निवासमा निधन भएको हो ।

विगत तीन दशकदेखि पत्रकारितामा सक्रिय बर्माले लामो समय नेपाल टेलिभिजनमा काम गर्नुभएको थियो । उहाँको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक अनुभवी र निर्भीक पत्रकार गुमाएको छ । स्वर्गीय बर्माका श्रीमती, दुई छोरा र दुई छोरी हुनुहन्छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय बर्माप्रति हार्दिक श्रद्घाञ्जली अर्पण गदै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, यस दुःखद् घडीमा महासंघ शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना व्यक्त गर्दछ ।

रमेश विष्ट
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org